C-003498
2082/04/11
(फोन:-०१-५२६२३८५)

# श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग , टंगाल ,काठमाडौंमा

## चढाइएको उजुरी

**पक्ष**

कमलामाई नगरपालिका वडा नं. ०१ ,सिन्धुली स्थायी ठेगाना भई हाल काठमाडौं महानगरपालिका वडा नं. ३१ वस्ने कुल वहादुर खत्रीको छोरा युवराज पौडेल (सफल) ,(सम्पर्क नं. ९८४९७७७०९२)

**विपक्ष**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ,टंगाल ,काठमाडौंमा कार्यरत माननीय प्रमुख आयुक्त प्रेम कुमार राई

विषय : - वाइडवडी जहाज घोटाला ,नेपाल आयल निगम जग्गा घोटाला ,नक्कली भुटानी शरणार्थी प्रकरण लगायतमा मुछिएका अख्तियार प्रमुख प्रेम कुमार राईलाई आवश्यक छानविन गरी कारवाही गरी पाउँ ।

महोदय ,

उपरोक्त सम्वन्धमा यो जानकारी गराउन चाहन्छु कि - मिति २०७७ माघ २१ गतेदेखि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त पदमा कार्यरत प्रेम कुमार राईको सम्वन्धमा विभिन्न भ्रष्टाचार काण्डहरुमा नाम मुछिएको ,आम संचारमाध्यममार्फत प्रमुख आयुक्त राईको भ्रष्टाचारको काण्ड सार्वजनिक भएको अवस्था छ । साथै मिति २०८१ मंसिर २० गतेका दिन मुद्धा नं. ०८०-CR-०१४५ माथि अन्तिम सुनुवाई सम्पन्न गरी सार्वजनिक भएको पुर्ण पाठमा समेत आरोपित प्रेम कुमार राईमाथि मुद्धा नचलाएकोमा विशेष अदालतले आपत्ति प्रकट गरेको छ । त्यस्तै पुर्णपाठमा यसरी एउटै कार्यमा संलग्न कसैलाई अभियोजन नै नगर्ने र कसैलाई अभियोजन गर्ने जस्तो चयनमुखी अभियोजन गर्नु समान न्यायको सिद्धान्तविरुद्ध हुन्छ ,यस्तो कार्यले कानुन सबैका लागि बराबर हो भन्ने भावनामा आघात पुर्‍याउँछ र न्यायप्रतिको विश्वास कमजोर वनाउछ भनी विशेष अदालतको फैसलामा उल्लेख छ । अत तत्कालीन नेपाल वायुसेवा निगमको अध्यक्षको रुपमा बसेको वैठकबाट नै वाइडवडी खरिदको प्रक्रिया अगाडि बढेको प्रमाणहरुसमेत सार्वजनिक भई सकेका छन् । अत तत्कालीन संस्कृति ,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव एवम् नेपाल वायुसेवा निगम संचालक समितिको अध्यक्षको हैसियतमा

विमान किन्ने निर्णय गर्ने तर उनैलाई वाइडबडी जहाज भ्रष्टाचार प्रकरणमा प्रतिवादी नबनाउनु गम्भीर त्रुटी भएको विशेष अदालतको ठहर छ । अत तत्काल अख्तियार प्रमुख आयुक्तको जिम्मेवारीमा रहेका प्रेम कुमार राईलाई पुरक अभियोग पत्रमार्फत मुद्धा दायर गरी भ्रष्टाचार निवारण ऐन बमोजिम हदैसम्मको कारवाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आग्रह गर्दै प्रस्तुत उजुरी पेश गरेको छु ।

त्यस्तै अख्तियार प्रमुख रहेका राई पुर्व आपुर्ति सचिव हुँदा नेपाल आयल निगमको जग्गा खरिद अनियमिततामा समेत मुछिएका थिए । राई आपूर्ति सचिव हुँदा निगमले भैरहवा ,चितवन ,सर्लाही ,झापा लगायतका जिल्लाहरुमा डेढ अर्वभन्दा वढीको जग्गा खरिद गरेको थियो । उक्त जग्गा खरिदका लागि निर्णय गर्ने संचालक समितिका अध्यक्ष प्रेम कुमार राई नै थिए । अत सो आयल निगमको जग्गा खरिद प्रकरणमा करोडौं रुपैयाँ अनियमितता भएको भनी जग्गा खरिद निर्णय कार्यान्वयन गर्ने तत्कालीन आयल निगम कार्यकारी निर्देशक गोपाल वहादुर खड्कामाथि मुद्धा चलाइएपनि जग्गा खरिद गर्ने निर्णय गर्ने प्रेम कुमार राईमाथि भने कुनै मुद्धा समेत चलाइएन । कोरोना महामारीको वेलामा प्रेम कुमार राई जोडिएको आयल निगम जग्गा प्रकरण सम्वन्धी मुद्धा हतार हतार तामेलीमा राखिएको छ । अत तत्काल अख्तियार प्रमुख राई मुछिएका तामेलीमा राखेको मुद्धा जगाई निज विरुद्ध भ्रष्टाचार निवारण ऐन बमोजिम हदैसम्मको कारवाही गर्न प्रस्तुत उजुरी पेश गरेको छु ।

त्यस्तै वर्तमान अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तले नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएको र निजले रु ३ करोड रुपैयाँ सो बापत लिएको कुरा समेत पहिला नै सार्वजनिक भइ सकेको हो । तर पनि नक्कली भुटानी शरणार्थी प्रकरणमा निज प्रेम कुमार राईमाथि कुनै मुद्धा दर्ता भई अनुसन्धान समेत भएको छैन ।

अत वाइडवडी जहाज खरिद घोटाला , आयल निगमको जग्गा खरिद प्रकरण ,नक्कली भुटानी शरणार्थी प्रकरण जस्ता भ्रष्टाचारमा मुछिएका प्रेम कुमार राईमाथि मुद्धा दायर गरी हदैसम्मको कारवाही गर्न माग गर्दै प्रस्तुत उजुरी पेश गरेको छु । साथै भ्रष्टाचारमा मुछिएका ,अदालतले समेत मुद्धा चल्न पर्ने भनी घुमाउरो हिसावमा दोषी देखेको व्यक्ति प्रेम कुमार राई नैतिक रुपमा १ सेकेण्ड पनि प्रमुख आयुक्तको कुर्सीमा बस्न नमिल्ने हुँदा तत्काल अख्तियार प्रमुख आयुक्तबाट राजिनामा दिएर अनुसन्धानमा सहयोग गर्न माग गर्दछु ,यदि अटेर गरेको खण्डमा आवश्यक कानुनी प्रक्रियामा गएर पदमुक्त गराउने र भ्रष्टाचारको अभियोग लागेका मुद्धाहरु उपर अनुसन्धान गरी कारवाही समेत गराउने पनि यसै उजुरी मार्फत ध्यानाकर्षण गराउन चाहन्छु । यदि अख्तियारले सो गर्दैन भने अख्तियारलाई समेत विपक्षी बनाई कानुनी उपचार खोज्न बाध्य हुने पनि यसै उजुरी मार्फत प्रष्ट पार्न चाहन्छु ।

मिति : २०८२ साउन ११

उजुरीकर्ता
युवराज सफल